नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

## प्रेस विज्ञप्ति

मितिः२०७९/११/०६

नेपाल-भारत ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति (Joint Steering Committee, JSC) को १० औ बैठक नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री दिनेशकुमार घिमिरे तथा भारत सरकारको विद्युत मन्त्रालयका सचिव श्री आलोक कुमारको सहअध्यक्षतामा आज मिति २०७९ फागुन ०६ गते भारतको राजस्थान स्थित माउन्ट आबुमा सम्पन्न भयो । उक्त बैठकले फागुन ०५ गते सम्पन्न भएको सहसचिवस्तरीय संयुक्त कार्यदल (Joint Working Group, JWG) को बैठकले गरेका सिफारिसहरुमा छलफल गऱ्यो । उक्त बैठकमा नेपाल-भारत बीचको मौजुदा विद्युत प्रसारण लाइनहरु, निर्माणाधीन तथा प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनहरु, अरुण ३ जलविद्युत तथा सम्बद्ध प्रसारण लाइन आयोजना, अन्तर्देशीय विद्युत आयात-निर्यात लगायका विषयहरुमा छलफल भई देहाय बमोजिम सहमति भएको छः

१. हाल सञ्चालनमा रहेको पहिलो अन्तर्देशीय ढल्केबर-मुजफ्फरपुर ४०० किलोभोल्ट प्रसारण लाइनबाट आयात-निर्यात भइरहेको विद्युत क्षमतालाई ६०० मेगावाटबाट वृद्धि गरी ८०० मेगावाट पुऱ्याउने।

२. SJVN Arun-3 Power Development Company Pvt. Ltd. (SAPDC) द्वारा निर्माण भइरहेको ढल्केवर (नेपाल) - सीतामढी (भारत) ४०० किलोभोल्ट प्रसारण लाइनबाट समेत विद्युत आदान-प्रदान गर्न अध्ययनको लागि संयुक्त प्राविधिक टोलीलाई निर्देशन दिएको।

३. नेपालको विभिन्न जलविद्युत आयोजनाहरुबाट उत्पादन हुने विद्युत भारतीय बजारमा निर्यात गर्न अन्तरसरकारी सम्झौता (Inter-Government Agreement) गर्न नेपालले गरेको प्रस्तावमा भारतीय पक्ष सकारात्मक रहेको।

४. टनकपुर – महेन्द्रनगर १३२ किलोभोल्ट विद्युत प्रसारण लाइनबाट ७० देखि ८० मेगावाट विद्युत आयात-निर्यात गर्ने सहमति भयो। साथै, संयुक्त प्राविधिक टोली (Joint Technical Team) बाट २०० मेगावाटसम्मको विद्युत निर्यात गर्नका लागि सम्भाव्य विकल्पहरुको अध्ययन गराउने।

५. १३२ किलोभोल्ट तथा सो भन्दा कम क्षमताको विद्यमान प्रसारण लाइनबाट वर्षायाममा नेपालबाट भारतको विहार राज्यमा विद्युत निर्यात गर्न आवश्यक संयन्त्र बनाउने।

६. दोश्रो अन्तर्देशीय नयाँ बुटवल-गोरखपुर ४०० किलोभोल्ट प्रसारण लाइन अन्तर्गत भारतीय खण्डको निर्माण कार्य मार्च, २०२५ सम्म सम्पन्न गर्न Implementation and Transmission Service Agreement (आई.टि.एस.ए) मा चाडै हस्ताक्षर गर्ने।

७. नेपाल-भारतबीच इनरवा – पुर्निया र न्यू लुम्की (दोदोधरा) - बरेली ४०० किलोभोल्ट क्षमताका थप दुईवटा अन्तरदेशीय प्रसारण लाइनहरुको निर्माण कार्य क्रमशः सन् २०२७/२८ र २०२८/२९ सम्ममा सम्पन्न गर्न कार्य सुरु गर्ने।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

प.सं. :
च.नं. :

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

८. नेपालबाट ५० मेगावाट विद्युत बंगलादेश निर्यात गर्ने सम्बन्धमा निश्चित आयोजना सहित नेपालले प्रस्ताव पेश भएमा भारतको विद्युत आयात-निर्यात निर्देशिका बमोजिम भारतीय पक्ष स्वीकृति दिन सकारात्मक रहेको।

यस अघि नेपालका तर्फबाट ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सहसचिव श्री मधु प्रसाद भेटुवाल तथा भारतको तर्फबाट विद्युत मन्त्रालयका सहसचिव श्री मोहमद अफजलको सहअध्यक्षतामा बसेको नेपाल-भारत ऊर्जा संयुक्त कार्यदल (Joint Working Group, JGW) को १० औ बैठकले मौजुदा विद्युत प्रसारण लाइनहरु, निर्माणाधीन तथा प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनहरु, अरुण ३ जलविद्युत तथा सम्बद्ध प्रसारण लाइन आयोजना, अन्तर्देशीय विद्युत आयात-निर्यात लगायका विषयहरुमा आवश्यक छलफल गरी आवश्यक निर्णयका लागि ऊर्जा सचिवस्तरीय JSC लाई सिफारिस गरेको थियो।

सन २०१४ मा सम्पन्न नेपाल भारत विद्युत व्यापार सम्झौताको दफा ५ मा भएको व्यवस्था अनुसार उक्त सम्झौताको कार्यान्वयन पक्षलाई सहजीकरण, निर्देशन एवं यस सम्बन्धमा हुने प्रगतिको अनुगमन गर्न सचिवस्तरीय समिति (JSC) तथा सहसचिवस्तरीय कार्यदल (JWG) गठन गरिएको थियो।

मधु प्रसाद भेटुवाल
सहसचिव एवम् प्रवक्ता